आज मिति २०८१।०२।१३ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १११ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | राधिका |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य -लेखापाल
श्री विर बहादुर चौधरी -का स
श्री रमेश कुमार आचार्य - प्रा.स.

कपुरकोट गाउँपालिकाको मिति २०८१।०२।१३ गतेको १११ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरुः

१. मुख्यमन्त्री रोजगार कार्यक्रम छनौट सम्बन्धमा ।

२. अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि २०८० संशोधन सम्बन्धमा ।

३. रिममा बन कार्यालय सम्बन्धमा ।

४. विविध ।

- कार्यसम्पादन मुल्यांकनका लागि विद्यालय छनौट सम्बन्धमा ।
- विभिन्न शैक्षिक योजनाहरु अध्यावधिक गर्न कार्यदल सम्बन्धमा ।
- आ व २०८१।८२ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।

२०८१।२।११

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिकाको मिति २०८१।०२।१३ गतेको १११ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. मुख्यमन्त्री रोजगार कार्यक्रम छनौट सम्बन्धमा तपसिल बमोजिमका योजनाहरु छनौट गरि पठाउने ।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १. | वडा नं १ कृषी सडक स्तरोन्नती तथा स्ल्याब निर्माण आयोजना | १ | १५००००० |
| २. | वडा नं २ सडक स्तरोन्नती तथा पक्की स्ल्याब निर्माण योजना | २ | १५००००० |
| ३. | दमारखोला गैरावारी ह्युमपाईप तथा सडक बाटो स्ल्याब निर्माण आयोजना | ३ | १५००००० |
| ४. | क्यूरेनि खसटोल हुँदै बैसेरी जोड्ने कृषी सडक स्तरोन्नती तथा स्ल्याब निर्माण योजना | ४ | १५००००० |
| ५. | वडा नं ५ कृषी सडक स्तरोन्नतीका लागि स्ल्याब निर्माण योजना | ५ | १५००००० |
| ६. | खारखोला र घुरखोला कल्भर्ट तथा स्ल्याब निर्माण योजना | ६ | १५००००० |

२. अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि २०८० संशोधन गरि तपसिल बमोजिमको कपुरकोट गाउँपालिका अस्पताल व्यवस्थापन तथा संचालन समिति पुनर्गठन गर्ने ।

गाउँपालिका अध्यक्ष - अध्यक्ष
गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत - सदस्य
स्वास्थ्य शाखा प्रमुख - सदस्य
वडा अध्यक्षहरु सबै - सदस्य
विभिन्न सामाजिक क्षेत्रमा क्रियाशिल व्यक्तिहरुबाट मनोनित ६ जना -सदस्य
मेडिकल अधिकृत/व्यवस्थापक - सदस्य सचिव

३. कपुरकोट ५ रीममा कृषी हाटबजार संचालन गर्न पहिलेदेखिनै हाटबजार संचालन भईरहेको स्थान अपुग भएकोले वन डिभिजन कार्यालय सल्यानको नाममा रहेको कित्ता नं ३४१ को जग्गा स्वामित्व र संरक्षण वन कार्यालयले नै गर्ने गरि हाटबजार संचालन हुने समयमा मात्र स्थानीयले प्रयोग गर्नेगरि अस्थायी टहरा निर्माण तथा प्रयोग गर्न अनुमतिका लागि जिल्ला वन कार्यालयलाई अनुरोध गर्ने ।

४. शिक्षा तर्फको शशर्त कार्यक्रम अन्तरगत शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि प्रस्ताव पेश गर्ने तीन वटा विद्यालयहरु (नेपाल राष्ट्रिय मा वि किमुचौर, जिवन ज्योती मा वि रिम र भवानी मा वि छौंयानाथ) को विद्यालय सामाजिक परिक्षण मापदण्ड २०७८ बमोजिम विद्यालय स्व-मुल्याङ्कन तथा गाउँपालिकाको मुल्याङ्कनका आधारमा उत्कृष्ट अंक ल्याउने क्रमश: भवानी मा वि छौंयानाथलाई रु ३ लाख र ने रा मा वि किमुचौरलाई रु २ लाख रकम अनुदान दिने ।

५. कपुरकोट गाउँपालिका शिक्षा शाखाको मिति २०८१।०१।२८ गतेको पालिकाका सम्पुर्ण विद्यालयहरुमा कार्यरत शिक्षकहरुले आ आफ्नो राजनैतिक सदस्यता त्याग गर्नुपर्ने १५ दिने सूचना अनुसार हाल सम्म अवका दिन देखि कुनैपनि राजनितिक पार्टिमा सदस्यता समेत नरहनेगरि राजिनामा पत्र पेश गरि गाउँपालिकालाई बोधार्थ दिने जम्मा ५२ जना शिक्षकहरुलाई धन्यवाद दिने र यस पालिकामा कार्यरत स्थायी तथा अस्थायी सवै कर्मचारीहरुलाई समेत कुनैपनि राजनितिक पार्टिको सदस्यता र कनैपनि राजनितिक पार्टिको वैठक तथा कार्यक्रममा समेत उपस्थित नहुनेगरि गाउँपालिकालाई बोधार्थ गर्न सुचना प्रकाशन गर्ने ।

६. योजना शाखावाट आ.व. २०८१।०८२ को लागि बजेट तथा कार्यक्रम तर्जुमा कार्यतालिका स्वीकृत गर्ने ।

७. कपुरकोट गाउँपालिकाको शैक्षिक प्रोफाइल ,शिक्षा योजना(२०७९-२०८३)तथा स्थानिय पाठ्यक्रम हाम्रो कपुरकोट २०७९ को समयानुकुल परिमार्जन तथा अध्यावधिक गर्न तपशिल बमोजिमको संशोधन तथा अध्यावधिक कार्यदल शिक्षा समितिको सिफारिस बमोजिम गठन गर्ने ।

| | |
|---|---|
| सरस्वति भण्डारी | संयोजक |
| दामोदर शर्मा | सदस्य |
| भुपाल साहु | सदस्य |
| रमेश कुमार आचार्य | सदस्य |

८.कपुरकोट गाउँपालिका वडा न ४ को कार्यालय भवन निर्माणका लागि मिति २०७९ असार ५ गते वडा न ४ कार्यालयले सुचना प्रकाशन गरी मिति २०७९ असार १४ गते जग्गा धनी अशोक बहादुर बुढा र वडा न ४ कार्यालयविचमा भएको सम्झौता अनुसार हालको चलनचल्तिको मुल्यमा साविक धनवाङ गाविस वडा न ४ मा रहेको कित्ता न २७९ र २८० बाट २ रोपनी पाखो जग्गा कपुरकोट गाउँपालिका वडा न ४ को कार्यालयको नाममा पास गर्नेगरी वडा न ४ का वडा अध्यक्ष श्री मित्रलाल कटायतलाई अख्तियारी दिएर मालपोत कार्यालयमा पठाउने ।

प्रतिलिपि प्रमाणित
२०८१।२।१२
प्रमुख प्रशासकीय अधिकृत